गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८२/०४/०८ गते स्वीकृत

# विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८२


स्थानीय सरकार

## हेलम्बु गाउँपालिका

### स्थानीय राजपत्र

खण्ड : ९ संख्या : १ मिति :२०८२/०४/०८

भाग : २


स्थानीय सरकार

## हेलम्बु गाउँपालिका

हेलम्बु, सिन्धुपाल्चोक

# विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८२/०४/०८

हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा साधन स्रोतको समुचित परिचालन गरी गाउँपालिकाबाट प्रदान गरिने अनुदानलाई अनुमानयोग्य, पारदर्शी, जवाफदेही, शैक्षिक सुशासन, प्रभावकारी र सुव्यवस्थित रुपमा कार्यान्वयन गरी अनुदानलाई नतिजासँग आवद्ध गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) तथा उक्त ऐनको दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी हेलम्बु गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

(ग) यो कार्यविधि हेलम्बु गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको हकमा मात्र लागू हुनेछ।

**२. परिभाषाः**

(क) "अनुदान" भन्नाले हेलम्बु गाउँपालिकाबाट आफ्नो क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा उपलब्ध गराउने रकम सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकलाई सम्झनु पर्दछ।

(ग) "साझेदार निकाय" भन्नाले विद्यालयसँग सम्बन्धित कार्यक्रममा वित्तीय, प्राविधिक तथा वस्तुगत सहायता उपलब्ध गराउने गरी गाउँपालिकासँग साझेदारी गरेको सरकारी, निजी तथा गैरसरकरी निकायलाई सम्झनुपर्दछ।

(घ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति भन्ने सम्झनु पर्दछ।

(ङ.) "विद्यालय" भन्नाले हेलम्बु गाउँपालिका अन्तर्गत सञ्चालित नेपाल सरकारको अनुमति प्राप्त सामुदायिक विद्यालय सम्झनु पर्दछ।

(च) "गाउँ शिक्षा समिति" भन्नाले हेलम्बु गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

(छ) "कार्यपालिका" भन्नाले हेलम्बु गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ।

**३. उद्धेश्यहरु :**

विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८२ को प्रमुख उद्देश्य देहाय बमोजिम गरेको छ।

- साधन स्रोतको समुचित परिचालन गरी गाउँपालिकाबाट प्रदान गरिने अनुदानलाई अनुमानयोग्य, पारदर्शी, जवाफदेही, प्रभावकारी र सुव्यवस्थित रुपमा कार्यान्वयन गरी अनुदानलाई नतिजासँग आवद्ध गर्न
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न
- शैक्षिक सुशासन तथा दिगो विकास कायम गर्न
- विद्यालयको आवश्यकता तथा साधन स्रोतको अभाव परिपूर्ति गर्न
- अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न
- विद्यालयमा निकासा भएको अनुदानको प्रभावकारी कार्यान्वयन गर्न।

**४. लक्षित समूह :**
यस गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालय, विद्यालय तहका सबै बालबालिकाहरु, निजका अभिभावकहरु यस कार्यक्रमको लक्षित समूह हुनेछन् ।

**५. विद्यालयलाई दिइने अनुदान सम्बन्धी व्यवस्था**
गाउँपालिकाबाट विद्यालयमा उपलब्ध गराएको अनुदान तपसिल बमोजिम व्यवस्थापन गरिने छ।

- संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहमार्फत् विद्यालयमा जाने सशर्त अनुदान नेपाल सरकारको कार्यक्रम कार्यान्वयन कार्यविधि/निर्देशिका बमोजिम हुनेछ। यस कार्यविधिमा लेखिएका कुराहरुले सो अनुदानको वितरण प्रक्रियामा कुनै असर गर्ने छैन।
- हेलम्बु गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सामुदायिक तथा प्राविधिक विद्यालयहरुलाई आवश्यकताका आधारमा सम्बन्धित विद्यालयबाट विद्यालय व्यवस्थापन समितिको निर्णय तथा सम्बन्धित वडा कार्यालयको सिफारिससहित प्रस्ताव पेश गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम यस कार्यविधिको दफा ६ बमोजिमको अनुदान शिर्षकमा विद्यालयलाई शर्त सहित अनुदान दिन सकिने छ। यसरी गाउँपालिकाबाट प्राप्त अनुदान सम्बन्धित विद्यालयले तोकिएको शिर्षकमा मात्र खर्च गर्नुपर्ने छ।

**६. अनुदान प्रदान गरिने क्षेत्रहरु :**
गाउँपालिकाले विद्यालयमा तपसिलको क्षेत्रहरुमा अनुदान रकम उपलब्ध गराउन सकिने छ :

१. **विद्यालय सुधार योजनामा उल्लेखित कार्यक्रमहरुको कार्यान्वयन गर्न** : गाउँपालिकाले सम्बन्धित विद्यालयहरुलाई विद्यालय सुधार योजनामा समावेश गरिएका कार्यक्रमहरुको कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाको निर्णयानुसार आवश्यक बजेट उपलब्ध गराउन सकिने छ। सम्बन्धित विद्यालयले विद्यालय सुधार योजनामा समावेश गरेको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरी सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्ने छ।

२. **भौतिक पूर्वाधार निर्माण तथा मर्मत अनुदान** : गाउँपालिकाले विद्यालयहरुलाई सम्बन्धित विद्यालयको विद्यालय भवन निर्माण, पार्टेशन, पार्कोटिङ, खेलमैदान व्यवस्थापन, कक्षाकोठा व्यवस्थापन, छात्रवास व्यवस्थापन, विपद वयवस्थापन, विद्यालय किचन गार्डेन व्यवस्थापन, दिवा खाजाका लागि आवश्यक भाँडाकुँडा खरिद तथा किचन व्यवस्थापन, शौचालय निर्माण, डेक्स बेन्च, सेतोपाटी, दराज, कुर्सी लगायतका फर्निचर व्यवस्थापन, विपद व्यवस्थापन तथा अन्यका लागि गाउँ कार्यपालिकाको निर्णयानुसार आवश्यक बजेट उपलब्ध गराउन सकिने छ।

३. **शिक्षण सिकाइ सामग्री व्यवस्थापन अनुदान** : गाउँपालिकाले विद्यालयहरुलाई प्रभावकारी शिक्षण सिकाइ सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक कम्प्युटर, पिन्टर, स्क्यानर, फोटोकपी मेसिन, प्रोजेक्टर, स्मार्ट बोर्ड, विद्युतीय हाजिरी लगायतका अन्य डिजिटल सिकाइ सामग्री तथा सूचना प्रविधि सम्बन्धी सामग्रीहरु व्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकाको निर्णयानुसार आवश्यक बजेट उपलब्ध गराउन सकिने छ।

४. **अतिरिक्त समयमा ट्युशन तथा कोचिङ कक्षा सञ्चालन तथा व्यवस्थापन अनुदान** : गाउँपालिकाले विद्यालयहरुलाई हेलम्बु गाउँपालिकाको ट्युशन तथा कोचिङ कक्षा सञ्चालन कार्यविधि, २०८१ बमोजिम आवश्यक अनुदान उपलब्ध गराउन सकिने छ।

५. **कार्यसम्पादन तथा नतिजामा आधारित अनुदान** : गाउँपालिकाले उत्कृष्ट कार्यसम्पादन तथा उत्कृष्ट नतिजा प्राप्त गरेका विद्यालयहरुलाई गाउँ कार्यपालिकाको निर्णयानुसार आवश्यक बजेट उपलब्ध गराउन सकिने छ। माध्यमिक शिक्षा परीक्षामा शत प्रतिशत विद्यार्थी उत्तीर्ण गरेका र माध्यमिक शिक्षा

परीक्षाका उत्कृष्ट विद्यालयलाई प्रति विद्यालय रु. एक लाख सम्म, आधारभूत शिक्षा उत्तीर्ण परीक्षामा उत्कृष्ट विद्यालय तथा माध्यमिक शिक्षा परीक्षामा ७० प्रतिशत भन्दा बढी विद्यार्थी उत्तीर्ण गर्ने विद्यालयलाई प्रति विद्यालय रु. पचास हजारसम्म अनुदान उपलब्ध गराउनु सकिने छ । विद्यालयले प्राप्त अनुदान रकम विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार प्रभावकारी शिक्षण सिकाइ, विपद व्यवस्थापन, सूचना प्रविधिको विकास तथा शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि खर्च गर्नुपर्नेछ।

६. **शिक्षक, प्रशिक्षक तथा स्वयम्सेवक शिक्षक अनुदान** : गाउँपालिकाले कम दरबन्दी तथा विषयगत शिक्षक अभाव भएका विद्यालयहरुलाई गाउँपालिका अनुदान, स्वयम्सेवक शिक्षक, संस्कृत तथा सम्भोटा शिक्षक, प्राविधिक धारको लागि प्रशिक्षक, खेल शिक्षक तथा प्रशिक्षक व्यवस्थापनका लागि आवश्यक बजेट उपलब्ध गराउन सकिने छ।

७. **विशेष अनुदान** : गाउँपालिकाले हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोकको छात्रवासमा बसी अध्ययनरत विद्यार्थीहरुलाई खाना, खाजा, दिवा खाजा, शिक्षण सिकाइ सामग्री, किचन गार्डेन, सूचना तथा प्रविधि, विपद् व्यवस्थापन, खेलकुद लगायतका अन्य सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक अनुदान उपलब्ध गरिने छ । विद्यालयले प्रचलित ऐन, नियम, कानुन अनुसार खरिद तथा व्यवस्थापन गरी आवश्यक कागजातहरुसहित गाउँपालिकामा रकम उपलब्ध गर्नका लागि निवेदन पेश गर्नु पर्नेछ।

८. **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान** : गाउँपालिकाले विद्यालयहरुमा अनिवार्य तथा निःशुल्क शिक्षा प्रवर्द्धन गर्नका लागि विद्यालयमा खर्च हुने बिजुली बत्ति, त्रैमासिक तथा वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन, खेलकुद सामग्री, साँस्कृतिक पोसाक, लेखापरीक्षण, सामाजिक परीक्षण, अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन, तथ्याङ्क व्यवस्थापन, शिक्षण सिकाइ क्रियाकलाप, सूचना प्रविधि व्यवस्थापन, शिक्षण सिकाइ सामग्री व्यवस्थापन, बाल कक्षा व्यवस्थापन, विपद व्यवस्थापन, गोष्ठी, छलफल, तालिम, सामान्य मर्मत सम्भार लगायतका विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयानुसार कार्य गर्नका लागि एकमुष्ट अनुदान विद्यालयहरुलाई प्रति विद्यालय माध्यमिक तहलाई रु. एक लाख र आधारभूत तहलाई रु. पचास हजारसम्म अनुदान उपलब्ध गराउन सकिने छ।

९. **विद्यालयमा छात्रवास सञ्चालन तथा व्यवस्थापन अनुदान** : गाउँपालिकाले छात्रवास सञ्चालन तथा व्यवस्थापन गरेका विद्यालयहरुलाई प्रभावकारी तवरले छात्रवास सञ्चालन तथा व्यवस्थापन गरी शिक्षाको गुणस्तरमा अभिवृद्धि तथा उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्न प्रति विद्यार्थी लागतका आधारमा गाउँ कार्यपालिकाको निर्णयानुसार आवश्यक बजेट उपलब्ध गराउन सकिने छ । साथै गाउँपालिकाले छात्रवासमा बसी अध्ययनरत असहाय, विपन्न, टुहुरा बालबालिकाहरुका लागि खाना, खाजावापत आवश्यक अनुदान रकम विद्यालयलाई उपलब्ध गराउन सकिने छ। विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार उक्त अनुदान छात्रवासमा विद्यार्थीहरुको खाजा, खाना व्यवस्थापन, वार्डेन, पारिश्रमिक तथा छात्रवासको सञ्चालन तथा व्यवस्थापनमा खर्च गर्न सकिने छ।

१०. **म्यादी शिक्षक अनुदान** : विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिई पाठ्यक्रमको मर्म अनुरुप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी शिक्षाको गुणस्तर तथा सिकाइ उपलब्धीमा अभिवृद्धि गर्नका लागि विद्यालयमा शिक्षक प्रसुती बिदा, प्रसुती स्याहार बिदा, दुर्घटना वा गम्भिर प्रकृतिको रोग लागि लामो समयसम्म स्वास्थ्य उपचार गर्न शिक्षक बिदामा बस्दा म्यादी शिक्षकको व्यवस्थापन गर्नका लागि गाउँपालिकाले विद्यालयलाई आवश्यक बजेट उपलब्ध गराउन सकिने छ। म्यादी शिक्षकको नियुक्ति सम्बन्धित विद्यालयले नै गरिने छ । विद्यालयले उपलब्ध भएसम्म अध्ययन अनुमति प्राप्त गरेका शिक्षकलाई प्राथमिकता दिई शिक्षक सेवा आयोगको पाठ्यक्रममा आधारित भई परीक्षा लिई म्यादी शिक्षक नियुक्ति गर्नु पर्नेछ। कार्यरत शिक्षक प्रसुती बिदा वा प्रसुती स्याहार बिदामा बस्नका लागि बिदा बस्नुभन्दा एक महिना आगावै सम्बन्धित विद्यालयमा बिदाको जानकारी गराउनु पर्नेछ। विद्यालयले गाउँपालिकाबाट अनुमति लिएर मात्र शिक्षक नियुक्ति लिनु पर्दछ । म्यादी शिक्षकको तलव

विद्यालयबाट माग गरी गाउँपालिकाले निकासा गर्नेछ । म्यादी शिक्षकको अवधि प्रसुती बिदामा ९८ दिन, प्रसुती स्याहार बिदामा १५ दिन र अन्यको हकमा एक महिनाको लागि मात्र नियुक्ति गरिने छ । निर्धारित समयावधि पछि म्यादी शिक्षक स्वतः अवकाश हुनेछ र सोभन्दा बढी समयको लागि गाउँपालिकाबाट निजलाई पारिश्रमिक उपलब्ध गराउने छैन । म्यादी शिक्षकको पारिश्रमिक तपसिल बमोजिम हुनेछ । अन्य शिक्षकको नियुक्ति आवश्यकताका आधारमा गाउँ शिक्षा समिति र गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

| क्र.सं. | विवरण | प्रारम्भिक बाल विकास वा प्राथमिक तह | निम्न माध्यमिक तह | माध्यमिक तह |
|---|---|---|---|---|
| १. | प्रसुती बिदा | एकमुष्ट रु. ५० हजार | एकमुष्ट रु. ६५००० | एकमुष्ट रु. ८१ हजार |
| २. | प्रसुती स्याहार बिदा | एकमुष्ट रु. १० हजार | एकमुष्ट रु. १५ हजार | एकमुष्ट रु. २० हजार |
| ३. | अन्य | प्रति महिना रु. १० हजार | प्रति महिना रु. १५ हजार | प्रति महिना रु. २० हजार |

**११. अन्य विविध अनुदान** : गाउँ शिक्षा समिति तथा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी विद्यालयहरुलाई खेलकुद कार्यक्रम सञ्चालन तथा व्यवस्थापन, अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन, शैक्षिक भ्रमण, सर्वेक्षण, दिवस, कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक अनुदान उपलब्ध गराउन सक्नेछ । साथै कक्षा ११ र १२ (एकीकृत सिकाइ केन्द्र)लाई आवश्यकता अनुसार शिक्षकको पारिश्रमिक, शिक्षण सिकाइ सामग्री, दिवा खाजा, सूचना प्रविधि, विद्यालय बस, विद्यालय पोसाक लगायतका लागि अनुदान उपलब्ध गराउन सकिने छ ।

**७. अनुदान रकमको खर्च सम्बन्धी व्यवस्था :**

गाउँपालिकाबाट विद्यालयमा उपलब्ध गराउने अनुदान रकम विद्यालयले विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई तोकिएको रकम तोकिएको क्षेत्रमा तपसिलको अधिनमा रही खर्च गर्नुपर्नेछ :

१. सार्वजनिक खरिद ऐन, २०६४ तथा सार्वजनिक खरिद नियमावली, २०६५
२. कार्य सञ्चालन निर्देशिका, २०७७
३. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालयबाट जारी ऐन, नियम, नियमावली, कार्यविधि, निर्देशिका
४. गाउँ कार्यपालिका तथा गाउँ शिक्षा समितिको निर्णय
५. स्थानीय तहको परिपत्र
६. सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय
७. सम्बन्धित वडा शिक्षा समितिको निर्णय
८. सम्बन्धित क्षेत्रमा यस गाउँपालिकाबाट स्वीकृत ऐन, नियमावली, कार्यविधि, निर्देशिका

**८. अनुदान रोक्का सम्बन्धी व्यवस्थाः** गाउँपालिकाबाट विद्यालयलाई उपलब्ध गराएको रकम तोकिए बमोजिम खर्च नगरेमा, प्रभावकारी कार्यान्वयन नगरेको पाइएमा, तोकिएको क्षेत्रमा खर्च नगरेमा, सन्तोषजनक कार्यसम्पादन नगरेमा, प्रचलित ऐन, नियम विपरित कार्य गरेमा, तोके बमोजिम अनुदान प्राप्त गर्ने न्यूनतम मापदण्ड पूरा नगरेमा यस कार्यविधिको उद्देश्य बमोजिम शैक्षिक गुणस्तर सुधार गर्ने लक्ष्य प्राप्त

नभएमा, गाउँपालिकाले विद्यालयलाई रकम उपलब्ध गराउन उपयुक्त नदेखिएमा, गाउँपालिकाले यस कार्यविधि बमोजिम विद्यालयलाई उपलब्ध गराउने अनुदान रकम रोक्का गर्न सकिने छ।

**९. अनुदान कार्यान्वयनमा विभिन्न निकायहरुको भूमिका** : विद्यालयमा जाने अनुदानहरुको प्रभावकारी एवम् दक्षतापूर्ण उपयोगको लागि विभिन्न निकायहरुको भूमिका देहाय बमोजिम हुनेछ।

**क) विद्यालयको भूमिका** : विद्यालयमा प्राप्त अनुदानको विद्यालय व्यवस्थापन समितिको निर्णय गरी प्रचलित नियमानुसार खर्च गर्ने, सोको अभिलेख राख्ने, गाउँपालिकामा प्रगति प्रतिवेदन पेश गर्ने, समयमै तोकिएको कार्य सम्पादन गर्ने, तोकिएर आएको रकम तोकिएको क्षेत्रमा खर्च गर्ने, गाउँपालिकामा रकम माग गर्ने, रकम निकासाका लागि आवश्यक सबै कागजातहरु गाउँपालिकामा पेश गर्ने, वार्षिक रुपमा सामाजिक परीक्षण तथा लेखपरीक्षण गर्ने, आवश्यक स्रोत जुटाउने, गाउँपालिकाले दिएको निर्देशन पालना गर्ने।

**ख) वडा कार्यालयको भूमिका** : अनुदान रकमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण, समन्वय गर्ने, नियमित अनुगमन, नियमन, सुपरीवेक्षण गर्ने, विद्यालयलाई आवश्यक पृष्ठपोषण, सल्लाह, सुझाव दिने।

**ग) गाउँपालिकाको भूमिका** : अनुदान रकमको प्रभावकारी कार्यान्वयनमा अनुगमन, नियमन, सुपरीवेक्षण गर्ने, विद्यालयलाई आवश्यक निर्देशन दिने।

**१०. प्रतिवेदन** : विद्यालयले गाउँपालिकाबाट विद्यालयमा उपलब्ध गराउने अनुदान रकम यस कार्यविधिको दफा ६ तथा ७ बमोजिम कार्यान्वयन गरी गाउँपालिकामा सोको प्रतिवेदन नियमित पेश गर्नुपर्नेछ।

**११. विविध** : (१) यस कार्यविधिमा उल्लेख नभएका विषय संघीय र प्रदेश शिक्षा ऐन, नियमावली, कार्यविधि, निर्देशिका, पुस्तिका, गाउँपालिका शिक्षा ऐन, र प्रचलित नियम, कानुन बमोजिम हुनेछ।
(२) यस कार्यविधिमा तोकिएका कार्यहरु सञ्चालन गर्नका लागि अन्य संघ, संस्था, साझेदारी निकायहरुले समेत साझेदारीमा कार्य गर्न सक्नेछ।

**१२. यसै कार्यविधि बमोजिम भए गरेको मानिने** : यो कार्यविधि लागु हुनु अघि प्रदान गरिएको अनुदान यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

**१३. संशोधन र बाधा अड्काउ फुकाउ** : यस कार्यविधिमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ। साथै यस कार्यविधिको कार्यान्वयमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**आज्ञाले,**
**राजुभाइ श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**
**मिति : २०८२/०४/२१**